# अभिभावकहरूका लागि स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग निर्देशिका



**प्रकाशक: अटिजम केयर चितवन सोसाइटी, भरतपुर**

**सल्लाहकार:**

सुशीलबाबु खनाल, परियोजना व्यवस्थापक, ह्याण्डिक्याप इन्टरनेशनल

सञ्जु नेपाली, क्षेत्रीय शिक्षा विज्ञ, ह्याण्डिक्याप इन्टरनेशनल

**लेखन समुह:**

प्रमिला न्यौपाने, कार्यकारी निर्देशक, अटिजम केयर चितवन सोसाइटी

बिरेन्द्र बहादुर थापा, परियोजना अधिकृत, ह्याण्डिक्याप इन्टरनेशनल

राज भक्त डंगोल, परियोजना अधिकृत, ह्याण्डिक्याप इन्टरनेशनल

**सम्पादन तथा संयोजन:**

रमेश बराल, परियोजना सुपरिवेक्षक, ह्याण्डिक्याप इन्टरनेशनल

सुमन पौडेल, परियोजना संयोजक, अटिजम केयर चितवन सोसाइटी

**विशेष सहयोग:**

घुम्ती शिक्षक, मेन्टर र समावेशी शिक्षा परियोजना सदस्यहरू

**विशेष धन्यवाद:**

महेन्द्र प्रसाद पौड्याल, महाशाखा प्रमुख, शैक्षिक प्रशासन महाशाखा, भरतपुर महानगरपालिका

गंगाधर रिमाल, शाखा प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा, कालिका नगरपालिका

**प्रकाशन सहयोग** : अपाङ्गता समावेशी विकास कार्यक्रम, ह्याण्डिक्याप इन्टरनेशनल

© सर्वाधिकार प्रकाशकमा निहित रहनेछ ।

# मर्यादित शब्दहरु

| सम्बोधन गर्नुपर्ने शब्द | कार्यगत सीमितता |
|---|---|
| दृष्टिविहीन | चस्मा प्रयोग गर्दा पनि वस्तुको रंग, रूप, आकार, आकृति वा प्रकार छुट्याउन नसक्ने । दुवै आँखाले पुरै देख्न नसक्ने । हिँडडुल गर्न मानव पथ-प्रदर्शक वा सेतोछडीको प्रयोग गर्ने । |
| न्यूनदृष्टियुक्त व्यक्ति | चस्मा प्रयोग गरेर वा नगरे पनि नजिकबाट ठूलो वस्तुको आकार र रंग छुट्याउन सक्ने, सानो वस्तु देख्न वा साना अक्षरहरू पढ्न अवरोध हुने । ठूला वस्तु वा अक्षर आँखाको नजिक लगेर पढ्न सक्ने, सेतो छडी नलिइकन पनि सामान्य हिँडडुल गर्न सक्ने, २० फिटभन्दा कमको दूरीबाट हातको औँला छुट्याउन सक्ने । |
| शारीरिक अपाङ्गता भएका व्यक्ति | हात, खुट्टा, ढाड, हाड जोर्नी, मांसपेशी, नसा लगायत अन्य अङ्ग वा प्रणालीमा आंशिक वा पूर्ण रुपमा क्षति पुगी अङ्गहरू चलाउन, हिँडडुल गर्ने, हात-खुट्टा चलाउन समस्या वा कठिनाई हुने । उमेर पुगिसकेका तर चार फिट भन्दा साना (होचा पुड्का) व्यक्ति । |
| बहिरा | पुरै सुन्न र बोल्न नसक्ने, आवाज केही मात्रामा आउने भए पनि त्यो अस्पष्ट र नबुझिने हुने, बोल्न सक्ने तर सुन्न चाहीँ पुरै नसक्ने, श्रवण यन्त्र लगाएर पनि सुन्न नसक्ने, सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने । |
| सुस्त-श्रवण | कान कम सुन्ने वा नजिकबाट आएको ठूलो आवाज सुन्न सक्ने, स्पष्ट बोल्न सक्ने तर सानो वा सामान्य स्वरमा बोलेको सुन्न नसक्ने, श्रवण यन्त्र लगाएर सुन्न सक्ने व्यक्ति । |
| स्वर-बोलाई सम्बन्धी अपाङ्गता भएका | सुन्न सक्ने तर स्वर र बोलिमा मात्र समस्या भएको, बोल्न वा उच्चारण गर्नमा कठिनाई हुने वा अक्षर वा शब्द दोहोऱ्याएर भकभकाएर बोल्ने, ओठ वा तालु फाटेर बोल्न अवरोध हुने, विभिन्न कारणले कृत्रिम स्वर-यन्त्र प्रयोग गर्नुपर्ने । |
| बौद्धिक तथा सिकाइसम्बन्धी अपाङ्गता भएको व्यक्ति | उमेर अनुसार सिक्नु पर्ने कुराहरू सिक्न वा गर्नुपर्ने क्रियाकलापहरू गर्न नसक्ने, उमेर बढ्दै गएपछि व्यवहार सानै बच्चाको जस्तो रहने, सिक्न सके पनि सिकाइमा ढिलाइ हुने र एउटा निश्चित समयपछि सिकाइ अघि बढ्न नसक्ने व्यक्ति । |
| अटिज्म | सामान्य सञ्चारमा कठिनाई हुने, सामाजिक व्यवहार गर्न कठिनाई हुने, एउटै क्रियाकलाप दोहोऱ्याई रहने, दृष्य र तस्विरहरूका माध्यमबाट सिक्न सक्ने वा सञ्चार गर्ने, एक्लै बस्न मनपराउने । |
| मनो-सामाजिक अपाङ्गता भएका व्यक्ति | विभिन्न कारणले मानसिक अवस्थामा विचलन आई दैनिक जीवनका क्रियाकलाप र जीवनका विभिन्न पक्षमा सहभागी हुन अवरोधहरूको सामना गर्नुपर्ने । |
| श्रवण दृष्टिविहीन | आँखा नदेख्ने, बोल्ने नसक्ने र कान समेत नसुन्ने व्यक्ति । |
| अपाङ्गता भएका व्यक्ति | माथि उल्लेख गरिएमा व्यक्तिहरूलाई समग्रता सम्बोधन गर्दा प्रयोग हुने शब्द (साझा शब्द) हो "अपाङ्गता भएका व्यक्ति" । |
| अपाङ्गता नभएका व्यक्ति | माथि उल्लेख गरिएका विविध प्रकृतिका अपाङ्गताको अवस्थामा नरहेको व्यक्तिलाई सम्बोधन गर्न प्रयोग गरिने शब्द हो "अपाङ्गता नभएका व्यक्ति" । |

**अपाङ्गता भएका व्यक्तिहरूलाई सम्बोधन गर्दा मर्यादित शब्दहरूको प्रयोग गरौं ।**

handicap international

Autism Care Chitwan Society

Inclusive Futures

UKaid from the British people

# समावेशी शिक्षा परियोजना

## पृष्ठभूमि

अपाङ्गता र कार्यगत सीमितता भएका बालबालिकाको गुणस्तरीय शिक्षामा समान पहुँच अभिवृद्धि गरी सिकाइ सुनिश्चितताको लागि भरतपुर महानगरपालिका र कालिका नगरपालिकासँगको समन्वय र सहकार्यमा अटिजम केयर चितवन सोसाइटी र राष्ट्रिय बहिरा महासंघ नेपालद्वारा समावेशी शिक्षा परियोजना कार्यान्वयन भइरहेको छ। परियोजनाले आधारभूत तहमा अध्ययनरत सबै बालबालिका र जटिल प्रकारको अपाङ्गता भएका १८ बर्ष मुनिका बालबालिकाको सिकाइ सुधारको लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ ।

## परिचय

शिक्षण सिकाइ कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन प्रयोग गरिने सामग्रीलाई शिक्षण सिकाइ सामग्री भनिन्छ । शिक्षण सिकाइ सामग्रीले सहजकर्तालाई सहजीकरण गर्न सजिलो र सिकारुलाई बुझ्न र अभ्यास गर्न सहयोग पुऱ्याउँछ । श्रव्य, दृश्य र श्रव्यदृश्य सिकाइ सामग्रीहरू रहेका हुन्छन् । शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा स्थानीय स्तरमा शिक्षण सिकाइ सामग्री निर्माण गरी प्रयोग गर्न सकिन्छ ।
अपाङ्गता र कार्यगत सीमितता र सिकाइमा कठिनाइ भएका बालबालबालिकालाई अनुकूलन हुने गरी समावेशी सिकाइ सामग्री निर्माण र प्रयोग गर्नु जरुरी छ । विशेष गरी जटिल अपाङ्गता भएका बालबालिका जसलाई नियमित विद्यालयमा उपस्थित भएर सिकाइ गर्न कठिनाइ हुन्छ, उनीहरूलाई अभिभावकको सहयोगमा घर मा आधारित सिकाइ सहयोग गर्नु आवश्यक हुन्छ । घरमा आधारित सिकाइमा अभिभावकहरूको सहभागिता बढाउन र शिक्षण सिकाइ सामग्री निर्माण र प्रयोगमा सहजताको लागि यो निर्देशिका तयार गरिएको हो ।

## उद्देश्य

१. स्थानीय सिकाइ सामग्री निर्माण र प्रयोगमा अभिभावकको क्षमता अभिवृद्धि गर्नु
२. अपाङ्गता र कार्यगत सीमितता भएका बालबालिकाका लागि अनुकूल सिकाइ सामग्री निर्माण गर्नु
३. घरमा आधारित शिक्षामा अभिभावकको सहभागिता बढाउनु

## सिकाइ सामग्रीका प्रकारहरू

सामग्रीको प्रकृति र प्रयोग गर्ने विधिका आधारमा सिकाइ सामग्रीलाई मुख्य तीन भागमा विभाजन गर्न सकिन्छ ।

### १. श्रव्य सामग्री

सुन्न सकिने वा श्रवण गर्न सकिने सिकाइ सामग्रीहरूलाई श्रव्य सामग्री भनिन्छ । यस्ता सामग्रीहरूमा आवाज सुनेर वा सुनाएर विषयवस्तुको बारेमा जानकारी गराइन्छ यस्ता सामग्रीहरू रेकर्डेड वा प्रत्यक्ष जे पनि हुन सक्छन् । टेप रेकर्डर, विभिन्न अडियो सामग्रीहरू, रेडियो लगायतका सामग्रीहरू श्रव्य सिकाइ सामग्रीका उदाहरणको रूपमा लिन सकिन्छ ।

### २ दृश्य सामग्री

आँखाले प्रत्यक्षरूपमा देखेर अवलोकन गर्न, प्रयोग गर्न र पढ्न सकिने सिकाइ सामग्रीलाई दृश्य सिकाइ सामग्री भनिन्छ । चित्रचार्ट, पोष्टर, व्यानर, वेबसाइटहरू, सामजिक सञ्जाल, वस्तविक बस्तुहरू दृश्य सिकाइ सामग्रीका उदाहरणहरू हुन्।

### ३ श्रव्य-दृश्य सामग्री

सुन्न सकिने र सँगसँगै दृश्यावलोकन गर्न सकिने सामग्रीलाई श्रव्य-दृश्य सामग्री भनिन्छ । यस्ता सामग्रीहरू विविध मिडिया र माध्यमहरूमा प्रसारण गरिन्छ, जस्तो कि टेलिभिजन कार्यक्रमहरू, फिल्महरू, युटुब भिडियो हरू, गेमहरू, विभिन्न सामाजिक सञ्जालहरू, आदि।

### ४ स्पर्श (ट्याक्टाइल) सामग्री

छाेनेर वा स्पर्श गरेर प्रयोग गरिने विभिन्न किसिमका सिकाइ सामग्रीहरुलाई स्पर्श वा ट्याक्टाइल सामग्री भनिन्छ । जस्तैः स्पञ्ज अक्षर, मोज्याइक अक्षर, माटो वा पिठोले बनेका सामग्री आदि ।

## शिक्षण सिकाइ सामग्रीको महत्व

शिक्षण सिकाइको लागि प्रयोग गरिने सामग्रीलाई शिक्षण सिकाइ सामग्री भनिन्छ । शिक्षण सिकाइ कार्यमा सिकाइ सामग्रीको महत्वपूर्ण भूमिका रहन्छ । सिकाइ सामग्रीले शिक्षण सिकाइ कार्यलाई सरल र सहज बनाउनुका साथै बालबालिकाहरूलाई विषयवस्तुको अवधारणा दिन सजिलो हुन्छ। बालबालिकाहरूलाई सिकाइ कार्यमा सहभागी गराउन सामग्रीले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

१. सिकाइ सामग्रीले सिकारूलाई विषयवस्तुको अवधारणा बुझाउन सजिलो हुन्छ
२. सिकाइ दिगो र प्रभावकारी हुन्छ
३. सहजकर्तालाई कार्यबोझ कम हुन्छ
४. सिकारूलाई सिकाइ कार्यमा सहभागी गराउन सजिलो हुन्छ
५. सिकारूले खेल्दै सिक्दै गर्छन् साथै सिकाइ दिगो हुन सक्छ ।
६. सहजकर्ताको अनुपस्थितिमा बालबालिकाले शैक्षिक सामग्रीको सहयोगले आफै सिकाइ गर्न सक्छन् ।

## केही सिकाइ सामग्रीको सूची

निम्न सूची केही सम्भावित सिकाइ सामाग्रीहरू हन् जसले विभिन्न सिकाइ आवश्यकताहरू र सिकाइमा कठिनाइहरू भएका बाल बालिकाहरूको सिकाइमा सहयेग गर्दछ। तलको सूची विस्तृत र पूर्ण सूची होइन र यी सामग्रीहरुलाइ सबै खाले बालबालिकाहरुलाइ पहुँचयुत बनाउन शिक्षा सरोकारवालाहरूसँग निरन्तर छलफल र परामर्श आवश्यक हुनेछ । व्यक्तिगत आवश्यकता अनुसार सिकाइ समाग्रीहरू अवश्यक अनुकुलन गर्न सकिन्छ ।

१. बल राख्ने बाकस
२. सिसाकलम राख्ने बाकस
३. कार्ड राख्ने बाकस
४. माला उन्ने/सिन्के माला
५. जोडा मिलाउने
६. स्पन्ज अक्षर
७. अक्षर र अङ्क गोटी
८. चमत्कारी बल
९. चित्र कथा निर्माण
१०. छामेर पढ्ने अक्षर र सङ्ख्या पत्ती
११. छामेर वा हेरेर समय पत्ता लगाउने घडी
१२. दैनिक तालिका
१३. जीक स: पजल
१४. बोल्ने हात्ती
१५. तुना भएको जुत्ता
१६. रंग मिलाउने पजल
१७. माटो वा पिठोका विभिन्न सामग्रीहरू
१८. मासिक पात्रो
१९. वाक्य निर्माण पात्रो
२०. सामग्री बाकस
२१. अक्षर मोज्याइक

# विभिन्न प्रकारका शिक्षण सिकाइ सामग्री निर्माण र प्रयोग गर्ने विधिको बारेमा विस्तृतमा तल व्याख्या गरिएको छ ।

## १. बल राख्ने बाकस

### आवश्यक सामग्री:

सानो कार्टुन बाकस, टेबल टेनिस बल (सानो बल) लगभग पाँच वटा, कागज काट्ने चक्कु, टेप, फेविकोल, स्केल, कैची, सेतो कागज,

### सामग्री बनाउने विधि:

१. सानो कार्टुन बाकसलाई सेतो कागजले पुरै छोप्नेगरी टाँस्ने ।

२. सो बाकसको माथिपट्टि एक छेउमा टेबल टेनिस बल छिर्ने जत्रो प्वाल बनाउने ।

३. बाकस मा सबैतिर टेप लगाउने ।

४. बाकसको माथिपट्टि अर्को छेउमा टेबल टेनिसका बल अट्ने खाली ठाउँ बनाउने।

५. सो बाकसको एकापट्टि साईडमा बल निकाल्ने प्वाल बनाउने ।










### प्रयोग गर्ने विधि:

१. तयार भएको सामाग्री बालबालिकाको अगाडी राख्ने ।

२. बाकसको खाली ठाँउकमा भएको बललाई एक एक गर्दै पालै पालो प्वालमा राख्न लगाउने र यो प्रक्रियालाई केही पटक पुन: दोहोऱ्याउने ।

### विकासात्मक पक्ष

यस सामग्रीको प्रयोगबाट बालबालिकाको हातका औँलाहरूलाई चलायमान बनाउन सहयोगी हात र आँखाको समन्वय, कुनै कार्यका लागि योजना बनाउने, समय व्यवस्थापन गर्ने, धैर्य गर्ने बानी जस्ता सीपहरूको विकास हुन्छ ।

## २. सिसाकलम राख्ने बाकस

### आवश्यक सामग्री:

सानो कार्टुन बाकस,  सिसाकलम लगभग छ वटा, कागज काट्ने चक्कु, टेप, फेविकोल, स्केल, कैंची, सेतो कागज, प्लास्टिक वा कागजको गिलास

### सामग्री बनाउने विधि:

१. सानो कार्टुन बाकसलाई सेतो कागजले पुरै छोप्ने गरी टाँस्ने।

२. सो बाकसको माथिपट्टि एक छेउमा सिसाकलम छिर्ने ६ वटा प्वाल बनाउने ।

३. सो बाकसको माथिपट्टि अर्को छेउमा सिसाकलम (६) अट्ने प्वाल बनाउने र प्लास्टिक वा कागजको गिलास राख्ने ।

४. पानीले नभिजोस वा चाँडै नबिग्रियोस भनेर सो बाकसमा सबैतिर टेप लगाउने ।




### प्रयोग गर्ने विधि:

१. तयार भएको सामग्री बालबालिकाको अगाडी राख्ने ।

२. भाँडा/गिलासमा भएको सिसाकलम ६ वटालाई एक एक गर्दै पालै पालो प्वालमा राख्न लगाउने ।

### विकासात्मक पक्ष

यस सामग्रीको प्रयोगबाट बालबालिकाको हातका औँलाहरूलाई चलायमान बनाउन सहयोगी हात र आँखाको समन्वय, कुनै कार्यका लागि योजना बनाउने, समय व्यवस्थापन गर्ने, धैर्य गर्ने बानी जस्ता सीपहरूको बिकास हुन्छ ।

## ३. कार्ड राख्ने बाकस

### आवश्यक सामग्री:

सानो कार्टुन बाकस, चक्कु, टेप, फेविकोल, स्केल, कैची, सेतो कागज, कडा कागजको कार्ड ।

### सामग्री बनाउने विधि:

१. सानो कार्टुन बाकसलाई सेतो कागजले पुरै छोप्ने गरी टाँस्ने।

२. छोपिएको सानो कार्टुनको माथिपट्टि एक छेउमा कार्ड छिर्ने प्वाल बनाउने ।

३. सो बाकसमा सबैतिर टेप लगाउने ।

४. सो बाकसको माथिपट्टि अर्को छेउमा कार्ड राख्ने ठाउँ बनाउने।

५. सो बाकसको एकापट्टि साईडमा कार्ड निकाल्ने प्वाल बनाउने

६. पानीले नभिजोस वा चाँडै नबिग्रियोस भनेर सो बाकसमा सबैतिर टेप लगाउने ।








### प्रयोग गर्ने विधि:

१. तयार भएको सामग्री बालबालिकाको अगाडी राख्ने ।

२. भाँडा/कचौरामा भएको कार्डलाई एक एक गर्दै पालै पालो प्वालमा छिराउन लगाउने।

### विकासात्मक पक्ष

यस सामग्रीको प्रयोगबाट बालबालिकाको हातका औँलाहरूलाई चलायमान बनाउन सहयोगी हात र आँखाको समन्वय, कुनै कार्यका लागि योजना बनाउने, समय व्यवस्थापन गर्ने, धैर्य गर्ने बानी जस्ता सीपहरूको बिकास हुन्छ साथै रङ्गको पनि पहिचान गराउन सकिन्छ।

## ४. माला उन्ने/सिन्के माला

### आवश्यक सामग्री:

सानो कार्टुन बाकस, प्लास्टिकको उन्ने माला वा लुगा सिलाउने धागोको गोटीको टुक्रा लगभग पाँच, कागज काट्ने चक्कु, बाँसको रिङ्ग वा त्यस्तै गोलो सामग्री दुई वटा, सेलो टेप, फेविकोल, स्केल, कैंची, सेतो कागज

### सामग्री बनाउने विधि:

१. सानो कार्टुनबाकसलाई सेतो कागजले पुरै छोप्ने गरी टाँस्ने ।


२. सो बाकसको एउटा छेउमा धागोका गोटीका टुक्रा छिर्न सक्ने सानो छडी ठड्याउने ।


३. सो बाकसको अर्को छेउमा धागोको गोटीको टुक्रा वा प्लास्टिकको उन्ने माला अट्ने भाँडा टाँस्ने ।

४. धागोको गोटीलाई स-साना टुक्रामा काट्ने । (काटिएका टुक्राहरुलाई विभिन्न रङ्ग लगाउन पनि सकिन्छ ।)

५. पानीले नभिजोस वा चाँडै नबिग्रियोस भनेर सो बाकसमा सबैतिर टेप लगाउने ।








### प्रयोग गर्ने विधि:

१. तयार भएको सामग्री बालबालिकाको अगाडि राख्ने ।

२. भाँडामा भएको प्लास्टिकको उन्ने माला वा लुगा सिलाउने धागोको गोटीको टुक्रालाई एक एक गर्दै पालै पालो सो छेस्कामा छिराउन लगाउने।त्यसरी छिराउन लगाउदा रङ्गको आधारमा पनि अभ्यास गराउन सकिन्छ ।

### विकासात्मक पक्ष

यस सामग्रीको प्रयोगबाट बालबालिकाको हातका औँलाहरूलाई चलायमान बनाउन सहयोगी हात र आँखाको समन्वय, कुनै कार्यका लागि योजना बनाउने, समय व्यवस्थापन गर्ने, धैर्य गर्ने बानी जस्ता सीपहरूको बिकास हुन्छ साथै रङ्गको पनि पहिचान गराउन सकिन्छ।

## ५. जोडा मिलाउने

### आवश्यक सामग्री:


बोतलको बिर्को, काँटा, रबर, छेस्का, लप्सीको गेडा, मकैको खोया लगाएत उपलब्ध स्थानीय सामग्रीहरू

### सामग्री बनाउने विधि:

१. तीन वटा वर्गाकार कार्टुनको टुक्रा लिने र सेतो कागजले पुरै छोपिने गरी टाँस्ने ।

२. उस्तै उस्तै केहि जोडी सामग्री सङ्कलन गरी त्यसलाई अलग अलग गरेर राख्ने ।

३. यसको लागि सामग्रीहरू छनोट गर्दा स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीहरू जस्तै बोतलको बिर्को, मकैको खोया, बोट विरूवाका पातहरू, ढुङ्गा इत्यादि प्रयोग गर्न सकिन्छ ।




### प्रयोग गर्ने विधि:

१ जोडा मिलाउने खेलमा शुरूवातमा कार्टुनका टुक्राहरुलाई बालबालिकाको अगाडी राख्ने ।

२. एक सेट सामानलाई एक एक गर्दै ती कार्टुनका टुक्राहरुमा राख्ने ।

२ बट्टामा राखिएको सामग्री बालबालिकाको हातमा दिइ कार्टुनको टुक्रामा भएको उस्तै प्रकारको सामग्रीसँग जोडा मिलाउन लगाउने ।

### विकासात्मक पक्ष

यो सामग्रीको प्रयोगबाट बालबालिकामा वस्तुको पहिचान तथा सामान्यीकरण गर्ने, हात र आँखाको समन्वय, धैर्य गर्ने बानी, योजना बनाउने, समय व्यवस्थापन, आदी जस्ता सीपहरूको बिकास हुन्छ ।


## ६. स्पन्ज अक्षर

### आवश्यक सामग्री:

कैंची, रबरका टुक्राहरू, पी फम वा पुराना जुत्ता चप्पल, विभिन्न नमुना अक्षरहरू

### सामग्री बनाउने विधि:

१. रबरका टुक्राहरूलाई आफूले बनाउन चाहेको अक्षरको नमूना अनुसार कैंचीले काट्दै जाने, जस्तै तपाईले क अक्षर बनाउदै हुनुहुन्छ भने क को नमुना अक्षर प्रयोग गरेर क बनाउने




### प्रयोग गर्ने विधि:

१. विभिन्न स्पन्ज अक्षरहरू बालबालिकाहरूलाई छाम्न दिने

२. बालबालिकाले छामेको अक्षर शिक्षकले उच्चारण गर्ने वा संकेत गर्ने

३. स्पन्ज अक्षरहरूलाई एक ठाउँमा फिँजाएर राख्ने र बालबालिकालाई कुनै एक अक्षर उच्चारण वा संकेत गरी उनीहरूलाई देखाउन वा लिएर आउन भन्ने ।

### विकासात्मक पक्ष

स्पन्ज अक्षरको सहायताले अक्षर पहिचान गरी सामान्यीकरण गर्न सहज हुन्छ

## ७. अक्षर अंक गोटी

### आवश्यक सामग्री:


फरक परक रंगको चार्ट पेपर, मार्कर, कैची, मार्कर

### सामग्री बनाउने विधि:

१. फरक फरक रंगको चार्ट पेपरलाई वर्गाकारमा काट्ने र चित्रमा देखाएको जस्तो पट्याएर ६ वटा टुक्राहरू बनाउने।

२. ती टुक्राहरू जोडर घनाकार (डाईस) बनाउने

३. उक्त डाईसमा अक्षर र सङ्ख्याहरू लेख्ने (साथै संख्या बराबरको टिका टाँस्ने), बलियो बनाउन चारैतिर सेलो टेप लगाउने



### प्रयोग गर्ने विधि:

१ अक्षर र अङ्क लेखिएका अक्षर र अङ्क गोटीहरू जम्मा गर्ने

२ अक्षर र अङ्क गोटीहरू हातमा लिने र गोटीमा लेखिएको अङ्क वा अक्षर उच्चारण वा संकेत गर्ने

३ अङ्क वा अक्षर गोटीहरू फिजाएर राख्ने र बालबालिकालाई छोएर, लेखेर संकेत गरेर वा अन्य कुनै माध्यमबाट पहिचान गर्न लगाउने

### विकासात्मक पक्ष

यो सामग्रीले बालबालिकालाई अक्षर, अङ्क चिनारी, रङ र आकारको अवधारणा विकास गर्न सकिन्छ ।

## ८. चमत्कारी बल

### आवश्यक सामग्री:

प्लास्टिकको हलुका बल, कागजका टुक्राहरू, टाँस्ने सामग्री (गम) विभिन्न रङका मार्कर वा साइनपेन, कैची

### सामग्री बनाउने विधि:

१. कागजका टुक्राहरूमा विभिन्न अक्षरहरू वा अङ्कहरू लेख्ने (अनुकुलन

२. अङ्क र अक्षरहरू लेखेका कागजका टुक्राहरू गमको सहायताले बलको वरिपरि टाँस्ने (अनुकुलन: दृष्टि सम्बन्धी अपा ङ्गता भएका बालबालिकाहरुको लागि ब्रेल डटहरु टिकाहरु टाँसेर बनाउन सकिन्छ ।)










### प्रयोग गर्ने विधि:

१. बललाई भ्याक्ने र बालबालिकालाइ समत्न लगाउने

२. बालबालिकाले बल समात्दा बुढी औंलाले जुन अक्षर छोइएको छ त्यो अक्षर (हेरेर र छामेर)पढ्न वा संकेत गर्न लगाउने

३. सो अक्षर बाट शब्द निर्माण गर्न लगाउने

४. एवं तरिकाले बल समात्न लगाउने, अक्षर पढ्न तथा शब्द निर्माण गर्न लगाइ नियमित अभ्यास गराउन सकिन्छ ।

### विकासात्मक पक्ष

यो सामग्रीले बालबालिकालाई अक्षर, अङ्क चिनारी, आकारको अवधारणा विकास गर्न सकिन्छ ।

# ९. चित्र कथा निर्माण

## आवश्यक सामग्री:


चार्ट पेपर, गम, विभिन्न रङ्गका रङ्गीचङ्गी कागजहरू, बाक्लो कागज/काटुन कागज, कपास, छेस्का, कैंची, आदि ।

## सामग्री बनाउने विधि:

१. विभिन्न प्रकारका सरल बाल कथाहरू छनोट गर्ने

२. छनौट गरेको कथालाई प्रतिविम्वित गर्नेगरी एउटा ठूलो चार्ट पेपरमा चित्र बनाउने

३. सो चार्ट पेपरमा आवश्यकता अनुसार थप चित्र र सामग्रीहरू टाँस्दै कथालाई अझै स्पष्ट पार्दै जाने ।




## प्रयोग गर्ने विधि:

१. बालबालिकालाई कथा सुनाउने

२. उनीहरूलाई कथाका पात्रको चरित्र अनुसारका चित्रहरू बालबालिकालाई देखाउने

३. बालबालिकालाई चित्रहरू हेर्न वा छाम्न लगाउने र चित्र अनुसार कथा भन्न लगाउने

## विकासात्मक पक्ष

सञ्चार सीपको विकास, सामन्यीकरण सीपहरूको विकास

## १०. छामेर पढ्ने अक्षर र सङ्ख्या पत्ती

### आवश्यक सामग्री:

स्यान पेपर/खाक्सी, गम विभिन्न रङका A4 साइजका कागजहरू, बाक्लो कागज/कुट, कैंची, रिवन ,सेलो टेप, नमूना अक्षरहरू आदि ।

### सामग्री बनाउने विधि:

१. बाक्लो कागज/कुट पेपरलाई हातमा अट्ने आयात आकारमा काट्ने

२. उक्त काटेको कागजमा कुनै एक रंगको कागजले छोप्ने गरी टाँस्ने

३. नमूना अक्षरको सहायताले खाक्सीमा अक्षर बनाउने र सो अक्षर काट्ने

४. काटेको अक्षरलाई तयार गरेको बाक्लो कागज मा टाँस्ने

५. तयारी अक्षर वा सङ्ख्या पत्तीमा तलपट्टी रीवन टाँस्ने ।

६. अन्तमा सबै पत्तीहरू लाई सेलो टेपले लेमीनेसन गर्ने ।




### प्रयोग गर्ने विधि:

१. अक्षर वा सङ्ख्या पत्तीहरू बालबालिकालाई छाम्न दिने

२. बालबालिकाले छामेको अक्षर वा सङ्ख्या शिक्षकले उच्चारण वा संकेत गर्ने

३. अक्षर वा सङ्ख्या पत्तीहरूलाई एक ठाउँमा फिजाएर राख्ने

४. उनीहरूलाई कुनै एक अक्षर वा सङ्ख्या पत्ती उच्चारण, संकेत गर्न, देखाउन वा लिएर आउन भन्ने

### विकासात्मक पक्ष

यस समाग्रीले पढाईमा कठिनाई भएका बाल बालिका, विशेष गरेर सिकाइमा कठिनाई, बौदिक अपाङ्गता तथा अटिजम भएका बाल बालिकाहरूलाई सिकाइमा सहजताको लागि प्रयोग गर्न सकिन्छ ।

## ११. छामेर वा हेरेर समय पत्ता लगाउने घडी

### आवश्यक सामग्री:

विभिन्न रङ्गको कागज, कुट/कार्टुन, आइसक्रिम स्टिक, गम, फेभिकोल, कैँची, पिन, सेलो टेप, धागो, ब्रेल कागज, टिका, आदि ।


### सामग्री बनाउने विधि:

१. कार्टुन कागज वा कुटलाई गोलो घडीको आकारमा काट्ने र सेतो कागजले पुरै छो पिने गरी टाँस्ने।

२. उक्त कार्टुन कागज वा कुटमा १ देखि १२ सम्मको अङ्क लेख्ने वा छाम्न मिल्ने अङ्क टाँस्ने

३. हरेक अङ्कमा ब्रेल संकेत हुने गरी टिका को सहायताले  ब्रेल अङ्क बनाई टाँस्ने।

४. घडीको बिचमा पर्ने गरी आइस कृम स्टिक, काठको टुक्रा वा अन्य त्यस्तै सामग्रीलाई लामो सुइ र छोटो सूइ बनाइ पिनको सहायताले टाँस्ने ।




### प्रयोग गर्ने विधि:

सहभागीहरू मध्ये एक एक जना गरी निर्माण गरेको घडीलाई विस्तारै छामेर सुइ घुमाएर समय पत्ता लगाउन दिने ।

### विकासात्मक पक्ष

यो सामग्रीको प्रयोगबाट बालबालिकाहरूमा समय सम्बन्धी ज्ञान, समयको पालना गर्ने, धैर्य गर्ने बानीको विकासमा हुन्छ।

## १२. दैनिक तालिका

### आवश्यक सामग्री:

चार्ट पेपर, कार्टुन कागज, सङ्ख्या र शब्द पत्ती, भेल क्रो, मार्कर, स्केल, चित्र पत्ती, क्रियाकलापलाई संकेत गर्ने विभिन्न सामग्रीहरू ।

### सामग्री बनाउने विधि:

१. कार्टुन कागजलाई आयाताकारमा काट्ने

२. सो कार्टुन कागजलाई पुरै छोपिने गरी सेतो कागजले टाँस्ने र सेलो टेप टाँस्ने

३. कार्टुन कागजको तलपट्टी क्रियाकलाप सम्पन्न संकेत राख्ने बाकस बनाउने

४. दिनभरी गरिने क्रियाकलापलाई टुक्र्याएर सोसँग मिल्ने चित्र (सम्बन्धीत बालबालिकाहरुकै उक्त क्रियाकलाप गर्दै गरेको फोटो) वा संकेत सामग्री क्रमबद्द गरी टाँस्ने , पछाडी टाँस्नको लागि भेल क्रो टाँस्ने




### प्रयोग गर्ने विधि:

१. दैनिक तालिकालाई सबै बालबालिकाले देख्ने वा प्रयोग गर्न मिल्ने गरि सिकाइकुनामा झुण्ड्याउने

२. तालिकामा भएको शुरूको क्रियाकलाप देखाइ वा संकेत गरी सो क्रियाकलाप गर्ने र सम्पन्न भए पछि सो संकेत वा चित्रलाई सम्पन्न बाकसमा राख्ने

३. सोही अनुसार क्रमशः हरेक क्रियाकलापहरूमा माथी उल्लेखित प्रक्रिया अवलम्वन गर्ने

४. तालिकामा भएका सबै चित्र वा संकेत सम्पन्न बाकसमा राखी सके पश्चात् सो दिनको सम्पूर्ण क्रियाकलाप समाप्त भएको मानिन्छ ।

### विकासात्मक पक्ष

१. यो सामग्रीको प्रयोगबाट दैनिक क्रियाकलापको बारेमा जानकरी हुन्छ जसले गर्दा तनाव व्यवस्थापन गर्न सहयोग हुन्छ

२. दैनिक कार्यतालिका अनुसार क्रियाकलाप गर्ने बानीको विकास हुन्छ ।

३. दैनिक कार्य तालिका बनाउने सीपको विकास हुन्छ ।

## १३. जीक स: पजल


### आवश्यक सामग्री:

रंगीन पोष्ट कार्ड, कैची, चित्र पत्ती

### सामग्री बनाउने विधि:


१. आफूलाई मनपर्ने रंगीन पोष्ट कार्ड वा चित्र पत्ती लिने

२. पोष्ट कार्डलाई विभिन्न आकारमा (त्रिभूज, आयातकार आदि) कैचीले पाँच, छ टुक्रा बनाउने वा काट्ने ।













### प्रयोग गर्ने विधि:

१. काटेको पोष्ट कार्ड वा चित्र पत्तीका टुक्राहरूलाई एउटा व्यक्ति वा समूहमा बाँड्ने ।

२. काटेको पोष्ट कार्ड वा चित्र पत्तीका टुक्रालाई जति सक्दो चाँडो मिलाउने वा जोड्ने लगाउने

३. जुन व्यक्ति वा समूहले छिटो पोष्ट कार्डका टुक्रालाई जोड्न वा मिलाउन सक्छ, त्यो समूह वा  व्यक्तिलाई विजेता बनाउने ।

### विकासात्मक पक्ष

यस क्रियाकलापले बालकालिकाको आँखा र हातको समन्वय गर्न, सुक्ष्म अङ्गको विकास, ध्यान एकाग्रता हुन र प्रतिस्पर्धी भावनाको विकास हुन्छ ।

## १४. बोल्ने हात्ति

### आवश्यक सामग्री:


रंगीन पोष्ट कार्ड, कैची, चित्र पत्ती

### सामग्री बनाउने विधि:

१. चार्ट पेपर लाई सानो (४ ईन्च चौडाई र ६ ईन्चको लम्बाई) आकारमा काट्ने

२. काटेको कागज मा सुँड बाहेकको हात्तीको आकारमा बनाउने (ढाँचा अनुसार बनाउन सकिन्छ)

३. हात्तीको आकार बनिसके पछि, बिचको सुंडको भागमा प्वाल पार्ने र पानी टेपले सबै ढाक्ने गरी लगाउने ।




### प्रयोग गर्ने विधि:

१. बनेको हात्तीको आकृतिमा हातको औंला छिराएर बालबालिकासँग कुरा गर्ने

२. बिहानी छलफल समयमा, प्रश्नउत्तर समय, कथावाचन जस्ता क्रियाकलापमा प्रयोग गर्न सकिने

### विकासात्मक पक्ष

बालबालिकाको ध्यान केन्द्रित गर्न, सुनाई सिप र सञ्चार सिपको विकास गर्न सहयोग गर्छ ।

## १५. तुना भएको जुत्ता

### आवश्यक सामग्री:


प्रयोग भएको कार्टुन बाकस, कैँची, तुना, धागो ।

### सामग्री बनाउने विधि:

१. कार्टुनको बाकसलाई जुत्ताको आकारमा काट्ने

२. दुबै तिर जुत्तामा जस्तै प्वालहरू बनाउने

३. प्वाल सहितको जुत्ता आकार बनिसके पछि तुना वा डोरी छिराएर बाँध्ने




### प्रयोग गर्ने विधि:

बालबालिकाको अगाडि यो सामाग्री राख्ने र शिक्षक वा सहजकर्ताले तुना खोलेर बाँधेर देखाउने र बालबालिका लाई आफै तुना फुकाल्न र बाँड्न दिने, यो क्रियाकलाप पटक पटक गर्न सिकाउने ।

### विकासात्मक पक्ष

बालबलिकाहरूको शुक्ष्म मासपेशीको विकास गर्न, बालबलिकाहरूको स्वालम्वलन सिपको विकास गर्न, आफ्नो जुत्ताको तुना लगाउन सक्ने हुन्छन् ।

## १६. रंग मिलउने पजल


### आवश्यक सामग्री:

अण्डाको क्यारेट, प्लाटिक बोतलको फरक फरक रंगको विर्को, पानी रंग

### सामग्री बनाउने विधि:

१. अण्डाको क्यारेटको खोपिल्टोमा विभिन्न रंगहरू लगाउने

२. फरक फरक रङ्गको प्लास्टिक बोतलको बिर्कोहरू संकलन गर्ने




### प्रयोग गर्ने विधि:

१. रंग लगाएको अण्डाको क्यारेट र फरक फरक रंगको प्लास्टिक बोतलको बिर्कोहरू बालबालिकाको अगाडि राख्ने

२. विभिन्न रङ्गका बोतलका बिर्कालाई क्यारेटको खोपिल्टोमा भएको रंग संग मिल्ने गरी राख्न लगाउने

### विकासात्मक पक्ष

यो क्रियाकलापले बालबालिकाहरूको आँखा र हातको समन्वय गर्न, रङ्ग पहिचान गर्न र सुक्ष्म मांशपेशीको विकासमा सहयोग गर्दछ ।

## १७. माटो वा पिठोका विभिन्न सामाग्रीहरू

### आवश्यक सामग्री:

मसिनो माटो, मैदा वा पिठो, पानी, जग, बाटा इत्यादि

### सामग्री बनाउने विधि:

१. आवश्यकता अनुसार माटो, मैदा वा पिठो लिने

२. बाटामा माटो वा मैदा मुछ्ने

३. मुछेको माटो वा मैदाबाट विभिन्न प्रकारका सामग्री बनाउने जस्तै, जनावरहरू, फलफुल इत्यादि




### प्रयोग गर्ने विधि:

१. बालबालिकालाई मुछेको माटो वा मैदा वा पिठो दिने र उनिहरूलाई मन पर्ने विभिन्न चित्रहरू बनाउन लगाउने

### विकासात्मक पक्ष

यो सामग्रीले बालबालिकाको सुक्ष्म मांशपेशीको विकास, सिर्जनशीलताको विकासमा सहयोग पुग्छ ।

## १८. मासिक पात्रो

### आवश्यक सामग्री:

चार्ट पेपर, कार्टुन कागज, सङ्ख्या र शब्द पत्ती, मार्कर, स्केल, चित्र पत्ती, आदि ।

### सामग्री बनाउने विधि:

१. चार्ट पेपरमा स्केल र मार्करको सहायताले महिनाका नाम, सातबारका नाम र गते राख्ने कोठा बनाउने
२. उक्त कोठामा महिनाका नाम, सातबारका नाम र गते लेखिएको सङ्ख्या र शब्द पत्ती टाँस्ने
३. उक्त चार्ट पेपर कार्टुन कागजमा टाँस्ने
४. कार्टुन कागजको तलपट्टी सम्पन्न संकेत राख्ने बाकस बनाउने




### प्रयोग गर्ने विधि:

१. मासिक पात्रोलाई बालबालिकाले देख्ने वा प्रयोग गर्न मिल्ने गरी कक्षाकोठा वा घरमा झुण्ड्याउने
२. पात्रोमा भएको गते, बारका नाम, भन्ने, देखाउने वा संकेत गर्ने
३. भोलिपल्ट अघिल्लो दिनको गतेलाई सम्पन्न बाकसमा राख्ने वा मार्करले क्रस लगाउने र सो दिनको गते, बारका नाम, भन्ने, देखाउने वा संकेत गर्ने
४. सोही अनुसार क्रमशः हरेक दिन माथि उल्लेखित प्रक्रिया अवलम्वन गर्ने

### विकासात्मक पक्ष

१. यो सामग्रीको प्रयोगबाट उक्त महिनाको नाम, सो दिनको गते, बारको नाम तथा उक्त महिनामा कुनै चाडपर्व वा क्रियाकलाप हुँदैछ भने सोको बारेमा अग्रिम जानकारी हुन्छ ।
२. तालिकामा राखिएको क्रियाकलाप परिवर्तन हुँदैछ भने सोको लागि तयार हुन पनि सहज हुन्छ ।
३. आगमी दिनमा गर्न सकिने क्रियाकलापको योजना बनाउन सहज हुन्छ ।

## १९. वाक्य निर्माण पात्रो


### आवश्यक सामग्री:

पुरानो प्रयोग भएको पात्रो, मेटा कार्ड, ग्लु, मार्कर, कैंची आदि ।

### सामग्री बनाउने विधि:

१. मेटा कार्डलाई तीन टुक्रा गर्ने र त्यसमा सर्बनाम, नाम र क्रियापद क्रमगत रूपमा लेख्ने

२. पुरानो टेबुलमा राख्ने पात्रोलाई तीन भागमा काट्ने र अगाडिको पात्रोमा सर्बनाम, दोस्रोमा नाम र तेस्रोमा क्रियापद टाँसेर पात्रो निर्माण गर्ने ।













### प्रयोग गर्ने विधि:

१. बाक्य निर्माण पात्रोलाई शिक्षक र सहजकर्ताले प्रयोग गरेर बाक्यहरू निर्माण गरेर देखाउने

२. बालबालिकाहरूलाई आफै प्रयोग गर्न दिई बाक्य निर्माण गर्न लगाउने

### विकासात्मक पक्ष

१. यो सामग्रीको प्रयोगबाट शब्द निर्माण गर्ने सिपको विकास गर्न मद्दत गर्छ ।

## २०. सामग्री बाकस

### आवश्यक सामग्री:

प्रयोग भैसकेको बाक्लो कागजको कार्टुनको बाकस, साना सामाग्रीहरु (आसपास पाउने सामाग्रीहरु जस्तै कलम, इरेजर, सानो ढुङ्गाहरु, छेस्का, सानो भाडाकुटी आदि), रंगिचंगी कागज, ग्लु

### सामग्री बनाउने विधि:

१. प्रयोग भैसकेको कगजको बाकस लाई चरै तिर रंगिचगी कागजले ग्लु लगाएर टाँसेर सजाउने ।

२. बाकस राम्रो संग सजाइ सकेपछि, हाम्रो आसपास भएको सामाग्रीहरु जस्तै : कलम, इरेजर, सानो ढुङ्गाहरु, छेस्का, सानो भाडाकुटी आदि संकलन गर्ने र बाकसमा र ाखेर समाग्री बाकस तयार गर्ने । (बाकसमा राख्ने समाग्रीहरुमा बालबालिकाहरुलाई रुचि हुने, मन पर्ने समग्रीहरु (राख्न सकिन्छ, साथै सानो प्लास्तिकको जनावरहरु पनि राख्न सकिन्छ ।)

१


२


### प्रयोग गर्ने विधि:

१. सामग्री बाकस बाट बालकालिकाहरु लाई एउटा एउटा समाग्र झिक्न लगाएर उक्त सामाग्रीहरुको बारेमा जनाकारी दिने र त्यसबारे थप जानकारी भन्न लगाउने ।

२. सामग्री बाकसको समाग्रीहरुको प्रयोग बाट कथा तयार गर्ने र भन्ने

### विकासात्मक पक्ष

यस समाग्रीले बालकालिकाहरु लाई सिकाइमा सहभागी गराई भाषा सिप र सञ्चार सिपको विकास गराउछ ।

## २१. अक्षर मोज्याइक


### आवश्यक सामग्री:

A4 साइजको बाक्लो कागज, ड्रइङ पेपर, फेभिकल ग्लुविभिन्न, अन्नका दानाहरू, बालुवा

### सामग्री बनाउने विधि:

१. एउटा बाक्लो A4 साइजको पेपर वा ड्रइङ पेपर लिने र उक्त पेपरमा नमुना अक्षरहरु लेख्ने वा छाप्ने ।

२. लेखिएका अक्षरहरूमा ग्लु लगाउने र त्यसमाथी अन्नका दानाहरू, बालुवा अन्य कुनै साह्रो (कडा) बस्तुहरू टाँसेर  अक्षर निर्माण गर्ने ।




### प्रयोग गर्ने विधि:

१. बालबालिकाहरूलाई तयार गरिएका विभिन्न अक्षरहरू हेर्न र छाम्न लगाउने ।

२. छामेर उक्त अक्षरहरु चिन्न र भन्न लगाउने ।

### विकासात्मक पक्ष

यो सामग्री न्युन दृष्टी भएका र दृष्टीविहीन बालबालिकाकोहरूमा छामेर अक्षर पहिचान गर्ने सीपको विकास हुन्छ ।

# अपाङ्गताको परिभाषा तथा प्रकार

## परिभाषा

**"अपाङ्गता भएका व्यक्ति"** भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ । ***(स्रोत: अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, पहिलो संशोधन २०७५)***

## अपाङ्गताको वर्गीकरण

### १) शारीरिक अपाङ्गता

स्नायु, मांसपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या (जस्तै: बाल मस्तिष्क पक्षघात, शारीरिक अङ्गविहीन, कुष्ठ प्रभाव, मांसपेशी विचलन (मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरूदण्ड सम्बन्धी स्थायी समस्या, क्लव फीट(पैंताला फर्केको), रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाइ भन्दा ज्यादै कम उचाइ भएको व्यक्ति ।



**कार्यगत सीमितताका अवस्थाहरु :**
**उठवस गर्न, हिड्डुल गर्न र हात संचालन गर्न हुने कठिनाइ ।**

### २) दृष्टि सम्बन्धी अपाङ्गता

दृष्टि सम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने,



**(क) दृष्टि विहीनता :** औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दूरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३ र ६०) मा पढ्न नसक्ने व्यक्ति ।

**(ख) न्यून दृष्टियुक्त :** औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दूरीबाट हातको औंला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६ र १८) मा पढ्न नसक्ने व्यक्ति ।

**(ग) पूर्ण दृष्टिविहीन :** पूर्ण रुपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति ।

**कार्यगत सीमितताका अवस्थाहरु : हेरेर पढ्न, सिक्न तथा हिडडुल गर्न हुने कठिनाइ**

### ३) सुनाइ सम्बन्धी अपाङ्गता

सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने,



**(क) बहिरा :** ८० डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।

**(ख) सुस्तश्रवण :** सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा ६५ देखि ८० डेसिबल सम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।

**कार्यगत सीमितताका अवस्थाहरु : सुनेर र बोलेर संचार गर्न हुने कठिनाइ**

### ४) श्रवणदृष्टि विहीन अपाङ्गता

सुनाइ सम्बन्धी र दृष्टिसम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।



**कार्यगत सीमितताका अवस्थाहरु : हेरेर, सुनेर र बोलेर संचार गर्न तथा हिडडुल गर्न हुने कठिनाइ**

### ५) स्वर र बोलाइ सम्बन्धी अपाङ्गता

स्वर र बोलाइ सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोऱ्याउने व्यक्ति ।



**कार्यगत सीमितताका अवस्थाहरु : बोलेर संचार गर्न हुने कठिनाइ**

### ६) मानसिक वा मनोसामाजिक अपाङ्गता

मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणना जस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।



**कार्यगत सीमितताका अवस्थाहरु : मनस्थितिमा आएको कठिनाइ अर्थात डर, चिन्ता, दिक्दारिपन जस्ता मनमा हुने कम्जोरी ।**

### ७) बौद्धिक अपाङ्गता

उमेरको बृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तो: डाउन्स सिन्ड्रोम समेत)



**कार्यगत सीमितताका अवस्थाहरु : सिक्न, सम्झन, ध्यान एकिकृत गर्न र बुझ्न कठिनाइ हुने**

### ८) अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता

अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।



**कार्यगत सीमितताका अवस्थाहरु : आन्तरिक वा वाह्य रक्तश्राव रोक्न कठिनाइ हुने अवस्था**

### ९) अटिज्म सम्बन्धी अपाङ्गता

जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तो: सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाइ हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोऱ्याइरहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति)



**कार्यगत सीमितताका अवस्थाहरु : एकोहोरो हुने, संचार गर्न, घूलमिल हुन र सिक्नमा हुने कठिनाइ**

### १०) बहुअपाङ्गता

एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति । (जस्तै: मस्तिष्क पक्षघात आदि)



**कार्यगत सीमितताका अवस्थाहरु : दुई वा दुई भन्दा बढि अपाङ्गता भई कठिनाइ भएको अवस्था**